**अनुसूची – ३**

# नेपाल रेडक्रस सोसाइटी

**सदस्यता आवेदन फारामको नमूना**
**(दफा १० (१) सँग सम्बन्धित)**

मिति : ... ... ...

श्री .............................ज्यू,
नेपाल रेडक्रस सोसाइटी
... ... ... ... ... ... ... ... ।

**विषय :- सदस्यताको आवेदन ।**

महोदय,
रेडक्रसका सिद्धान्त र उद्देश्यहरूप्रतिको आस्था तथा उक्त सोसाइटीको एक अनुशासनयुक्त सदस्यको हैसियतले मानवीय सेवाको कार्यमा लाग्ने संकल्प स्वेच्छाले अवगत गराउँदछु । संस्थाको विधानबमोजिम सदस्यता प्राप्त गर्न म योग्य छु ,अयोग्य ठहरिएमा संस्थाले गर्ने कारबाहीमा मेरो मन्जुरी छ । तसर्थ, निम्नाङ्कित सदस्यताको लागि तल लेखिएबमोजिमको शुल्कसमेत संलग्न गरी सदस्यता पाउन यो आवेदन गरेको छु । तदनुसार सदस्यता प्रदान गर्नुहुन हार्दिक अनुरोध गर्दछु । यसैसाथ संलग्न आचार-संहितामा दस्तखत गरी सोको पालना गर्न आफ्नो प्रतिबद्धतासमेत जाहेर  गर्दछु ।

सदस्यताको विवरण :

| क्रस | सदस्यताको प्रकार | प्रवेश शुल्क | सदस्यता शुल्क | जम्मा रू. |
|---|---|---|---|---|
| १. | साधारण सदस्य (पाँच बर्षे) | २५/- | २५०/- | २७५/- |
| २. | आजीवन सदस्य (एकमुष्ट) | २५/- | १,०००/- | १,०२५/- |
| ३. | विशिष्ट सदस्य  ( नगद वा जिन्सी एकमुष्ट, घटीमा ) | | २५,०००/- | २५,०००/- |
| ४. | संस्थागत सदस्य (एकमुष्ट,घटीमा,वार्षिक) | | २५,०००/- | २५,०००/- |
| ५. | यशस्कर सदस्य ( नगद वा जिन्सी एकमुष्ट,घटीमा) | | १००,०००/- | १००,०००/- |

**पञ्जीकरणका लागि इच्छाएको उपशाखा /शाखा** :..............................................................

**सिफारिश गर्ने**
दस्तखत :
Name : ...............
नाम :
रेडक्रससँग सम्बन्धित पद :
ठेगाना :
सम्पर्क ठेगाना :
फोन नं. :

दस्तखत :
**निवेदकको नाम, थर:**
Name: ...........................
जन्म मिति :
नागरिकता नं :
स्थायी ठेगाना :
सम्पर्क ठेगाना :
फोन नं. :
पिता वा माता , :

.............................................................................................

***(कार्यालयको उपयोगको निम्ति)***

*सदस्यताको प्रकार :*
*सदस्यता नं :*

*दर्ता नं :*
*दर्ता मिति :*

**अनुसूची-४**

## नेपाल रेडक्रसका स्वयंसेवक/सदस्यहरूका लागि आचार-संहिता
**(दफा ४९ सँग सम्बन्धित)**

**नेपाल रेडक्रसको स्वयंसेवक/सदस्यको हैसियतले म देहायबमोजिम प्रतिबद्धता व्यक्त गर्दछु :**

१) स्मरण गर्नेछु - "म अन्तर्राष्ट्रिय रेडक्रस अभियानको प्रतिनिधित्व गर्दैछु । "
२) म देहायका कुराहरू अध्ययन, मनन र पालना गर्दै तिनको प्रचार-प्रसार कार्यमा सहयोग गर्नेछु :

 क) अन्तर्राष्ट्रिय रेडक्रस अभियानका आधारभूत सिद्धान्तहरू (मानवता, निष्पक्षता, तटस्थता, स्वाधीनता, स्वयंसेवा, एकता र विश्वव्यापकता)
 ख) रेडक्रसका ऐच्छिक/स्वयं सेवाका आर्दशहरू
 ग) जेनेभा महासन्धि र तिनका अतिरिक्त सन्धिपत्रहरू
 घ) रेडक्रस चिह्नको सदुपयोग, प्रबर्द्धन र दुरुपयोगको रोकथाम ।

३) मानवीय पीडालाई कम गर्न सदा सचेत हुनेछु र प्रत्येक व्यक्तिलाई आदर गर्नेछु ।
४) द्विविधापूर्ण अवस्थामा निर्णय गर्नुभन्दा पहिले रेडक्रसका आदर्श र सिद्धान्तहरूलाई ध्यान दिंदै नेपाल रेडक्रसका निकायहरूसँग परामर्श लिनेछु ।
५) नेपाल रेडक्रसद्वारा गरिने आह्वान र सुम्पिने उत्तरदायित्व वहन गर्न तयार भई सहयोग गर्नेछु ।
६) आफ्नो क्षमताअनुसार सेवा कार्यको जिम्मा लिनेछु र लचिलोपन तथा सतर्कतापूर्वक त्यस प्रकारका कार्य सम्पन्न गर्नेछु ।
७) नेपाल रेडक्रसको विधान तथा यसका दूरगामी लक्ष्य, उद्देश्य र मूलभूत नीतिहरूसँग  परिचित भई यस संस्थालाई सवल पार्न मद्दत गर्नेछु ।
८) सहकर्मी स्वंयसेवक/सदस्यहरू लगायत सम्बन्धित सबैसंग सकारात्मक सम्बन्ध स्थापना गर्दै पारस्परिक समझदारीको प्रबर्द्धन गर्नेछु ।
९) राष्ट्रियता, जात-जाति, लिङ्ग, राजनीतिक आस्था वा धार्मिक विश्वासको आधारमा भेदभाव नगरी आफ्ना कर्तव्यहरू पूरा गर्नेछु ।
१०) आफूले सहयोग गरिएका व्यक्तिहरूको विश्वास तथा आत्म-सम्मानको रक्षा गर्नेछु ।
११) संकटाभिमुख समुदायको पक्षमा बहस गर्दै उच्च गुणस्तरीय सेवा प्रदान गर्न यथासम्भव प्रयत्नशील रहनेछु ।

**देहायबमोजिम काम-कार्यबाहीहरू नगर्ने प्रतिबद्धता व्यक्त गर्दछु :**

१) नेपाल रेडक्रस सोसाइटीका साधन र स्रोतहरूको प्रयोगका सम्बन्धमा आधिकारिक निकाय/ पदाधिकारी/ व्यक्तिको पूर्व स्वीकृति विना कसैलाई पनि बचनबद्धता प्रकट गर्नेछैन ।
२) व्यक्तिगत स्वार्थको निम्ति नेपाल रेडक्रसको कुनै पद,चिह्न र साधन तथा स्रोतहरूको दुरूपयोग गर्नेछैन ।
३) रेडक्रसको सदस्य/स्वयंसेवकको हैसियतमा प्राप्त ब्याज, परिचयपत्र तथा रेडक्रस चिह्न अंकित अन्य वस्तुहरू रेडक्रस अभियान वा यस्तै प्रकारका मानवीय कार्यमा बाहेक अन्य प्रयोजनका लागि प्रयोग गर्नेछैन ।
४) संस्थागत आदान-प्रदान वा बिक्रीबाट हुने फाइदा आफ्नो वा अरू कसैको अनुचित व्यक्तिगत लाभका लागि नेपाल रेडक्रसको आफ्नो सदस्यता/पद/दर्जाको प्रयोग गर्नेछैन ।
५) नेपाल रेडक्रसको विरूद्ध आँच आउने र भ्रष्टाचार लगायतको कुनै पनि किसिमको कार्य गर्नेछैन।

नाम : ........................................   .दस्तखत :................................. मिति:...................................